# स्थानीय राजपत्र

केरावारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५, संख्या १३, २७ पौष २०७८


## भाग-२

## स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन कार्यविधि,२०७८

स्वीकृत मितिः२०७८।०९।२७

**प्रस्तावनाः** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ मा प्रत्येक स्थानिय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्वन्वयन गर्न सहजिकरण गर्ने लगायतका कार्य गर्नका लागि स्थानीय

सरकारले तोके बमोजिमको एक **स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति** रहनेछ भन्ने व्यवस्थालाई कार्यन्वयनमा ल्याउन वाञ्छनीय भएकोले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी केराबारी गाउँगाउँपालिकाले देहायको **स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति संचालन कार्यविधि, २०७८** स्वीकृत गरी लागु गरीएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम“स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति संचालन कार्यविधि, २०७८” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) “ऐन” भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन,२०७४ सम्झनु पर्छ।

ख) “कार्यक्रम” भन्नाले नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनु पर्छ।

ग) “नियावली” भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनु पर्छ।

घ) “गाउँगाउँपालिका” भन्नाले केराबारी गाँउगाउँपालिकालाई जनाउनेछ।

ङ) “बोर्ड” भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्छ।

च) “संयोजन समिति” भन्नाले नियम २६ बमोजिम स्थानिय तहले गठन स्वास्थ्य बीमा संयोजन समिति सम्झनु पर्छ।

## परिच्छेद २
## समितिको गठन

३. **संयोजन समिति गठनः** (१) नियम २६ बमोजिम गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको गाउँपालिका स्तरिय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहने छ।

क) गाँउगाउँपालिका अध्यक्ष, सम्बन्धित गाउँपालिका - संयोजक

ख) गाँउगाउँपालिका अध्यक्षले मनोनित गरेको बढी जनसंख्या भएको कुनै एक वडाका वडा अध्यक्ष (१ जना) -सदस्य

ग) अध्यक्षले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्थामा कार्यरत कर्मचारी (१ जना) -सदस्य

घ) महिला स्वयंसेविका मध्यबाट स्वास्थ्य शाखाले मनोनित गरेको (१जना) -सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख वा निजले तोकेको व्यक्ती (१ जना) - सदस्य

च) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड (सम्बन्धित गाउँपालिका) (१ जना) - सदस्य

छ) कार्यगाउँपालिकाले तोकेको कार्यगाउँपालिका सदस्य मध्ये (२ जान) - सदस्य

ज) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत (१जना) -सदस्य सचिव

(२) संयोजन समितिको बैठक आवश्यकता अनुशार बर्षमा कम्तिमा चार पटक बस्नेछ।

(३) सदस्य सचिवले बैठकको कार्यसुचि संयोजनको स्वीकृतिमा तय गर्नु पर्नेछ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ।

(५) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(६) सदस्यलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसुचि सामान्यतया तीन दिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौबिस घण्टा अघि जानकारी दिई बैठक बस्न वाधा पर्ने छैन।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन्।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन्।

(९) सचिवालयको काम सम्वन्धि गाउँपालिकाको कार्यलयले गर्नेछ।

**३. काम, कर्तव्य र अधिकारः** संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँगाउँपालिकाको क्षेत्रभित्र कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्य सहयोग गर्ने ।

(ख) गाउँगाउँपालिका अन्तर्गत सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन

नियामावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्ध गर्ने ।

(ग) अति गरिव परिवारलाई कार्यक्रममा आवद्ध गर्न गाउँपालिका र बोर्डबीच समझदारी गर्ने ।

(घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन वा बृद्धि गर्न वोर्डसंग साझेदारी गर्ने ।

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सक्ने ।

(च) गाउँगाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर बृद्धि गर्ने गराउने ।

(छ) बीमाबाट प्रदान गरिने औषधिहरुको गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुद्धारा संचालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने ।

(ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धता हुने व्यवस्था गर्ने गराउने ।

(झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तता, स्तरोन्नति र पूर्वाधार अभिबृद्धिमा सहयोग गर्ने ।

(ञ) कार्यक्रम प्रबर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसंग समन्वय गर्ने ।

(ट) संयोजन समितिले आवश्यक देखेका बीमा कार्यक्रमसंग संबन्धित अन्य विषयहरु ।

४. **बजेटः** स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय सन्चालनको लागि आवश्यक खर्चको व्यवस्था गाउँपालिकाले गर्न सक्नेछ।

## परिच्छेद ३
## विविध

**५. कार्यविधिमा संशोधनः** गाउँपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

**६. बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अडवन पर्न आएमा गाउँपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ। यस कार्यविधिमा लेखिएको कुनै बिषय प्रचलित कानूनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

आज्ञाले

सुदर्शन दाहाल

प्रमुख प्रशासकीय अधिकृत